08 May 2024

National News

मुख्य समाचार

- देशका विभिन्न राज्यमा लोकसभा चुनाउका निम्ति प्रचार अभियान तिव्र बन्दै
- चौथो चरणको चुनाउको तयारीबारे निर्वाचन आयोगले गऱ्यो समीक्षा
- लोकसभा चुनाउको पाँचौं चरणमा 695 जना उम्मेदवार चुनावी मैदानमा
- सीबीआईले मानव तस्करीको मामिलामा गऱ्यो चार जनालाई पक्राउ
- चालक दलका सदस्यहरूको हडतालका कारण एयर इण्डिया एक्सप्रेसका ८० भन्दा धेरै उडानहरू रद्द
- आईपीएलमा अहिले हैदराबाद र लखनऊको भिडन्त हुँदै

लोकसभा चुनाउ प्रचार

देशका विभिन्न राज्यमा लोकसभा चुनाउको चौथो चरण अनि अन्य रहल चरणहरूका लागि राजनीतिक दलहरूको प्रचार अभियान तिव्र बन्दै गएको छ। राजनीतिक दलका नेता एवम् उम्मेदवारहरू जनसभा, रोड शो अनि जनता भेट कार्यक्रमद्वारा आ-आफ्ना पार्टीका उम्मेदवारहरूको पक्षमा मतदानको अपील गर्न व्यस्त रहेका छन्।

यसैक्रममा, प्रधानमन्त्री एवम् वरिष्ठ भारतीय जनता पार्टी भाजपा नेता श्री नरेन्द्र मोदीले आज तेलंगानाको वारङ्गल र करीमनगर लोकसभा निर्वाचन क्षेत्रको भेमुलावडा अनि आन्ध्र प्रदेशको राजमपेटमा चुनावी जनसभालाई सम्बोधन गर्दै विकास र समृद्धिका लागि भाजपा एवम् एनडीएलाई मतदान गर्न आग्रह गर्नुभयो। पछि उहाँले विजयवाडामा रोड-शोमा सहभागिता जनाउनु भयो। तेलुगु देशम पार्टी प्रमुख श्री एन. चन्द्रबाबू नायडु, जन सेना पार्टी प्रमुख अनि फिल्म अभिनेता श्री के. पवन कल्याणले पनि जनसभा अनि रोड-शोमा सहभागिता जनाउनु भयो। भाजपा, तेलुगु देशम पार्टी अनि जन सेना पार्टी एनडीए गठबन्धनका सदस्य हुन्। भाजपाका वरिष्ठ नेता एवम् केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज उत्तर प्रदेशका लखिमपुर खेरी, हरदोई र कन्नौज जिल्लाहरूमा जनसभालाई सम्बोधन गर्नुभयो।

समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादवले शाहजहानपुर र फारुखाबाद जिल्लामा आफ्नो पार्टीका उम्मेदवारको पक्षमा जनसभालाई सम्बोधन गर्नु भयो। कंग्रेस नेता तथा उत्तर प्रदेश प्रभारी श्री अविनाश पाण्डेले आज जालौन जिल्लामा पार्टी कार्यकर्तासँग बैठक गर्नु भयो। कंग्रेस महासचिव श्रीमती प्रियंका गान्धीले आज रायबरेलीमा विभिन्न सभालाई सम्बोधन गर्नुभयो।

तेलङ्गनामा राजस्थानका मुख्यमन्त्री एवम् भाजपा नेता श्री भजनलाल शर्माले आज चेवेला निर्वाचन क्षेत्रमा प्रचार गर्नुभयो।

तेलङ्गानाका मुख्यमन्त्री एव् कंग्रेस नेता श्री  रेवन्थ रेड्डीले आर्मरमा जनसभालाई सम्बोधन गर्नुभयो अनि निजामाबादमा रोड शो गर्नुभयो। भारत राष्ट्र  समितिका प्रमुख श्री के चन्द्रशेखर रावले आज नरसापुर अनि पतनचेरूमा रोड शो गर्नुभयो।

राजधानी दिल्लीमा आम आदमी पार्टी, भाजपा अनि कंग्रेसले लोकसभा चुनाउका लागि चुनाउ प्रचार अभियान जोडतोडले अघि बढाएका छन्।

भाजपा नेता श्री राज्यवर्धन सिंह् राठौर, कंग्रेस उम्मेदवार श्री उदित राज, श्री जेपी अग्रवाल अनि श्री कन्हैया कुमार पनि दिल्लीका विभिन्न क्षेत्रमा प्रचारमा व्यस्त रहनुभयो।

निर्वाचन आयोग - पर्यवेक्षक

निर्वाचन आयोगले आज ३५४ पर्यवेक्षकसहित चौथो चरणको लोकसभा चुनाउको तयारीको समीक्षा गरेको छ । भिडियो कन्फरेन्समार्फत् भएको बैठकमा प्रमुख निर्वाचन आयुक्त श्री राजीव कुमारले निष्पक्ष, स्वतन्त्र र निर्बाध मतदानका लागि पर्यवेक्षकहरूलाई निर्देशन दिनु भयो। श्री कुमारले पर्यवेक्षकहरूलाई मतदान केन्द्रहरूमा सबै आवश्यक सुविधाहरू सुनिश्चित गर्न पनि आग्रह गर्नुभयो। उहाँले विशेष गरी गर्मीको अवस्थामाथि ध्यान दिन आग्रह गर्नुभयो।

पाँचौं चरण –उम्मेदवार

लोकसभा चुनाउको पाँचौं चरणमा 6 राज्य र दुई केन्द्र शासित प्रदेशका ४९ सिटका लागि ६९५ जना उम्मेदवार चुनावी मैदानमा छन्। कुल एक हजार ५८६ उम्मेदवारले मनोनयन पत्र बुझाएका थिए।   मनोनयन पत्रहरूको जाँचपछि 749  उम्मेदवारी वैध पाइएको थियो ।

यस चरणमा उत्तर प्रदेशका 14 सीट, महाराष्ट्रका 13 सिट, पश्चिम बंगालका सात सिट,  बिहार अनि ओडिसाका पाँच-पाँच सिट, झारखण्डका तीन, जम्मू कश्मीर अनि लद्दाखका  एक -एक सीटका लागि  20 मईको दिन मतदान हुनेछ।

हरियाणा निर्दलीय विधायक

हरियाणामा, तीन निर्दलीय विधायकले भारतीय जनता पार्टी सरकारबाट आफ्नो समर्थन फिर्ता लिएका छन् अनि विपक्षी कंग्रेस पार्टीलाई समर्थन दिएका छन्। निर्दलीय विधायक श्री रणधीर गोलन, श्री धरमपाल गोन्डर अनि श्री सोमवीर सिंह् सांगवानले आफ्नो निर्णयबारे हरियाणाका राज्यपाल श्री भण्डारु दत्तात्रेयलाई पत्र पठाएका छन्।

हरियाणाका मुख्यमन्त्रीका मिडिया सचिव श्री प्रवीण अत्रेले सरकारलाई निर्दलीय विधायकहरूले समर्थन फिर्ता लिँदा कुनै असर नपर्ने बताउनु भएको छ। उहाँले 90 सदस्य रहेको विधानसभामा अझै पनि 47 विधायकहरूको समर्थन भाजपासित रहेको दाबी गर्नुभएको छ।

## CBI - मानव तस्करी

रुसी सेनामा लडाकुको रुपमा काम गर्न भारतीय नागरिकहरूको तस्करी गरेको अभियोगमा केन्द्रीय अनुसन्धान ब्यूरो–सीबीआईले चार जनालाई पक्राउ गरेको छ । विदेशमा आकर्षक रोजगारी दिने आश्वासन दिएर देशैभरि निर्दोष युवालाई फसाउने ठूलो मानव तस्करी गिरोहको पर्दाफास भएको सीबीआईले जनाएको छ। यस मामिलामा सीबीआईले केरल र मुम्बईबाट दुई-दुई जनालाई पक्राउ गरेको छ।

## केरल-एयर इण्डिया एक्सप्रेस

केरलमा चालक दलका सदस्यहरूको हडतालका कारण एयर इण्डिया एक्सप्रेसले ८० भन्दा धेरै उडानहरू रद्द गरेको छ भने ठूलो संख्यामा उडानमा अवरुद्ध सिर्जना भएका छन्। व्यवस्थापनको कतिपय नीतिको विरोधमा एयरलाइन्सका चालक दलका कर्मचारीले सामूहिक बिरामी बिदा लिएका छन् ।

केरलका चार अन्तर्राष्ट्रिय विमानस्थलका उडानहरू गएरातिदेखि अवरुद्ध भएका छन्। उडान रद्द हुँदा यात्रीहरूले धेरै समस्या भोग्नुपरेको छ।

यसैबीच नागर विमानन मन्त्रालयले एयर इन्डिया एक्सप्रेससँग उडान रद्द भएको विषयमा रिपोर्ट मागेको छ र तत्काल समस्या समाधान गर्न निर्देश दिएको छ।

## विदेश मन्त्रालय - क्यानाडा

भारतले फेरि एकपटक क्यानडालाई आफ्नो देशमा राजनीतिक गतिविधिका लागि आपराधिक र पृथकतावादी तत्वहरूलाई सुरक्षित आश्रय दिन बन्द गर्न आग्रह गरेको छ। क्यानडाको माल्टनमा नगर कीर्तन यात्राको क्रममा देखाइएको झ्याँकीका बारेमा नयाँ दिल्लीमा मिडियाका प्रश्नहरूको जवाफ दिँदै विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयसवालले भन्नुभयो, क्यानडामा चरमपन्थी तत्वहरूले भारतीय राजनीतिक नेताहरू विरुद्ध हिंसात्मक प्रतीकहरू प्रयोग गरेकोमा भारतले चिन्ता व्यक्त गर्दै आएको छ।

## केरल भिडियो पत्रकार

केरलमा मातृभूमि टिभी न्यूज च्यानलका युवा भिडियो पत्रकार श्री ए भी मुकेशको जंगली हात्तीको आक्रमणमा परेर मृत्यु भएको छ। मुकेशलाई आज बिहान पलक्कड जिल्लाको मलमपुझा-कान्जीकोड क्षेत्रमा नदी पार गर्ने क्रममा हात्तीले आक्रमण गरेको थियो। त्यतिबेला उनले हात्तीको भिडियो बनाएका थिए । घाइते अवस्थामा उनलाई अस्पतालमा भर्ना गरिएको थियो, जहाँ उनको मृत्यु भयो।

उत्तराखण्ड – जंगलमा आगलागी

उत्तराखण्ड सरकारले जंगलमा लागेको आगो डडेलालाई नियन्त्रण गर्ने उद्देश्यले पिरुल सङ्कलन गर्न "पिरुल लाओ-पैसे पाओ" अभियान सुरु गर्ने भएकोछ।
जंगलमा आगो फैलनुको सबैभन्दा ठूलो कारण पिरुलका पात हुन् । आज देहरादुनमा बसेको बैठकमा मुख्यमन्त्री श्री पुष्करसिंह धामीले यो अभियान सुरु गर्न सम्बन्धित निकायलाई निर्देशन दिनु भएको हो।
वन विभाग र स्थानीय जनताको सहयोगमा वनमा लागेको आगो धेरै हदसम्म नियन्त्रणमा आएको र छिट्टै नै वनमा लागेको आगो पूर्णरुपमा निभाउने श्री धामीले बताउनु भयो ।

आईपीएल

आईपीएल क्रिकेटमा अहिले हैदराबादको राजीव गान्धी इन्टरनेशनल स्टेडियममा सनराइजर्स हैदराबाद र  लखनऊ सुपर जाइन्ट्सको भिडन्त शुरु भएको छ।
प्रतियोगितामा गए राति डेल्ही क्यापिटल्सले  राजस्थान रोयल्सलाई 20 रनले पराजित गरेको थियो।